नेपाल सरकार

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

## वी.पी कोईराला मेमोरियल क्यान्सर अस्पतालको अध्यक्ष पदमा नियुक्तिका लागि दरखास्त आह्वान सम्बन्धी सूचना प्रकाशित मिति २०८३/०१/१५ गते

वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा ७ को उपदफा (१) को खण्ड (क) बमोजिमको अध्यक्ष पदमा नियुक्ति गर्नका लागि यो दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशन गरिएको छ। देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारले तपसिल बमोजिमको आवश्यक विवरण संलग्न गरी सात दिन भित्र यस मन्त्रालयमा दरखास्त पेश गर्नुहुन सूचित गरिन्छ।

**देहाय**

१. **योग्यता तथा अनुभव**

वी.पी. कोईराला मेमोरियल क्यान्सर अस्पताल ऐन, २०५३ को दफा ७ को उपदफा (१) को खण्ड (क) मा

(क) "मान्यता प्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी क्यान्सर रोगको क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको वा

(ख)मान्यताप्राप्त शिक्षण संस्थाबाट चिकित्साशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी स्वास्थ्य क्षेत्रमा कम्तीमा वीस बर्षको अनुभव प्राप्त वरिष्ठ चिकित्सकहरूमध्येबाट नेपाल सरकारद्वारा मनोनित चिकित्सक

२. **नियुक्तिका लागि अयोग्यता:**

(क) गैर नेपाली नागरिक।

(ख) पैतिस वर्ष उमेर पुरा नभएको।

(ग) भ्रष्टाचार, सम्पत्ति शुद्धीकरण, मानव बेचविखन, लागू औषधको कारोवार, पुरातात्विक वस्तु वा संरक्षित वन्यजन्तु सम्बन्धी कसुर वा नैतिक पतन देखिने फौजदारी कसुरमा सजाय पाएको।

(घ) प्रचलित कानून बमोजिम कालोसूचीमा समावेश भई त्यस्तो सूचीबाट फुकुवा भएको अवधि तीन वर्ष पुरा नभएको।

(ङ) कुनै विदेशी मुलुकमा स्थायी आवासीय अनुमति प्राप्त गरेको।

(च) सार्वजनिक निकायसँग कुनै ठेक्कापट्टा सम्झौता गरी काम गर्दै गरेको।

(छ) मानसिक सन्तुलन ठिक नभएको।

३. **दरखास्त साथ पेश गर्नुपर्ने कागजात**

क. निवेदन

ख. नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

ग. स्वघोषणा

घ. शैक्षिक योग्यता सम्बन्धी प्रमाणित कागजातहरू,

ङ. सम्बन्धित क्षेत्रमा कार्य गरेको अनुभव स्पष्ट खुल्ने संस्थागत प्रमाणित कागजातहरू,

च. नेपाल मेडिकल काउन्सिलको प्रमाणित गरेको प्रतिलिपि

नेपाल सरकार
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

# स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):
   **Name (In English) :**
२. जन्म मिति: वि.सं.: इ.सं.:
३. स्थायी ठेगाना:
   हालको ठेगाना:
४. नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:
   जारी मिति र जिल्ला:
५. सम्पर्क नं.:
६. इमेल:
७. शैक्षिक योग्यता र शंकाय:
८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।
९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आवद्ध छैन।
१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।
११. म हाल कुनै पनि राजनितिक दलको सदस्य रहेको छैन ।
१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागु औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसुर वा नैतिक पतन देखिने अन्य फौजदारी कसुरमा सजाय पाएको छैन।
१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।
१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।
१५. मैले पेश गरेका शैक्षिक योग्यता, नागरिकता, अनुभव लगायतका सबै कागजातहरू सक्कल बमोजिमका छायाँ प्रतिहरूहुन। साथै, मैले पेश गरेको मेरो व्यक्तिगत विवरण (C.V.) मा उल्लेखित सम्पूर्ण व्यहोरा सत्य र ठिक साचो हो फारक परेको छैन ।

**मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्ठा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।**

<u>स्वघोषणा गर्ने व्यक्तिको</u>-

दस्तखत:

दायाँ बायाँ

मिति:

<u>स्वघोषणा गराउने मन्त्रालयका अधिकृतको</u>-

दस्तखत:

नाम, थर:

पद:

मन्त्रालय